# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## डीनको कार्यालय, परीक्षा शाखा
## वीर अस्पताल, महाबौद्ध, काठमाडौं

# DM/MCh तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक शत्र २०७५/०७६ (2018) मा सञ्चालन गर्ने निम्न विषयहरूको DM / MCh तहमा नयाँ विद्यार्थी भर्नाका लागि यो सूचना प्रकाशित गरिएको छ। मान्यता प्राप्त शैक्षिक संस्थाबाट MD (Internal Medicine) / MS (General Surgery) वा सो सरह उत्तीर्ण भएका नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भई मान्यता प्राप्त सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरूमा १ वर्ष काम गरेको अनुभव भएका इच्छुक नेपाली नागरिक चिकित्सकहरूले राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी शाखा, जमल, काठमाडौंमा रहेको यस प्रतिष्ठानको चल्ती खाता नं. २३३४ मा रू. ४,०००/- (चार हजार रूपैयाँ फिर्ता नहुने गरी) जम्मा गरी सोको सक्कल भौचर पेश गरेपछि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, डीनको कार्यालयबाट मिति २०७५।६।१ बाट वितरण गरिने प्रवेश परीक्षा फाराममा उल्लेख भएका सम्पूर्ण कागजात संलग्न गरी फाराम भरी मिति २०७५।६।२१ गतेभित्र डीनको कार्यालय, चि.वि.रा.प्र. वीर अस्पताल, महावौद्धमा बुझाई सक्नुपर्नेछ। सो दिन विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्रमा फाराम बुझाइ सक्नुपर्नेछ।

प्रवेशपत्र मिति २०७५।६।२५ गते वितरण गरिनेछ। प्रवेश परीक्षाको मिति, समय र स्थान प्रवेश पत्रमा नै उल्लेख गरिनेछ। सम्बन्धित विषयको पाठ्यक्रम तथा अन्य थप जानकारी चाहिएमा यस प्रतिष्ठानको डीनको कार्यालयमा सम्पर्क राख्न सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**भर्नाको विषय**

| सि.नं. | DM / MCh विषय |
|---|---|
| १ | DM Cardiology |
| २ | DM Hepatology |
| ३ | DM Gastroenterology |
| ४ | DM Nephrology |
| ५ | MCh Surgical Gastroenterology |
| ६ | MCh Urology |
| ७ | MCh Neurosurgery |
| ८ | MCh Plastic & Reconstructive Surgery |

**द्रष्टव्य:**

१. कुनै पनि विषयमा भर्नाका लागि योग्य हुन प्रवेश परीक्षामा अनिवार्य ५०% अङ्क प्राप्त गर्नुपर्नेछ।

२. DM / MCh का भर्ना तथा शिक्षण शुल्क प्रतिष्ठानको नियमानुसार र "सरकारी शिक्षण संस्थाहरूमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२" अनुसार हुनेछ।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यरत चिकित्सकहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पूर्व स्वीकृति, अन्य सरकारी संस्थामा कार्यरत चिकित्सकहरूले सम्बन्धित संस्थाको पूर्व स्वीकृतीको पत्र, स्थायी नियुक्तिको प्रतिलिपी र अध्ययन विदाको लागि योग्य भएको प्रमाण अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

४. सरकारी सेवाका चिकित्सक उम्मेदवारहरू उपलब्ध भएसम्म निजहरूलाई भर्ना गरिनेछ। बाँकी रहेको सिटमा मात्र खुल्ला उम्मेदवारहरूलाई मेरिटको आधारमा भर्ना लिइनेछ।

५. विदेशी विद्यार्थीहरूले पनि फारम भरी प्रवेश परीक्षामा अनिवार्य भाग लिनुपर्नेछ।

६. विदेशी विद्यार्थी सम्बन्धित देशको Medical Council मा विशेषज्ञमा दर्ता भएको हुनु पर्नेछ।